# लोक सेवा आयोग, अनामनगर

## अन्तर्वार्ता तथा सिफारिश शाखा

### *अन्तिम चरणको परीक्षाका लागि आवश्यक प्रमाणपत्र बुझाउने सम्बन्धी सूचना*

**सूचना नं. : ५८/०७३-७४**

आयोगको वि.नं. १६५४४-१६५५०/०७२-७३, एकीकृत (न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र व्यवस्थापिका संसद) सेवा, शाखा अधिकृत वा सो सरहको पदको अन्तिम चरणको परीक्षाको लागि छनौट भएका उमेदवारहरुको पूर्व निर्धारित कार्यतालिका अनुसार मिति २०७३/५/५ गतेदेखि २०७३/५/१७ गतेसम्म लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरमा सञ्चालन हुने **सूचना प्रविधि सीप परीक्षण**मा सहभागी हुन आउँदा अनुसूची ४ (क) बमोजिमको दरखास्त फारामको पहिलो पेज २ प्रति र तेस्रो पेज १ प्रति भरी आफूले प्राप्त गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नागरिकता प्रमाणपत्र, समावेशीको हकमा समावेशी खुल्ने प्रमाणपत्रका प्रतिलिपिहरु २/२ प्रति फाइलिङ्ग गरी प्रवेश पत्र साथमा लिई अन्तर्वार्ता तथा सिफारिश शाखामा बुझाउन मिति २०७३/४/२६ को निर्णय अनुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।